कालिगण्डकी गाउँपालिका

गाउँकार्यपालिको कार्यालय

बिर्घा, स्याङजा

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी

# कार्यविधि, २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८०

## प्रस्तावना:

कालिगण्डकी गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यन्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कालिगगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाले कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८० "रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका"भन्नाले कालिगण्डकी गाउँपालिकालाइ सम्झनुपर्छ।

(ख) "अध्यक्ष भन्नाले" कालिगण्डकी गाउँपालिकाको अध्यक्षलाइ सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष भन्नाले" कालिगण्डकी गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनुपर्छ।

(घ) "कार्यालय प्रमुख भन्नाले" कालिगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनुपर्छ।

(ङ) "योजना" भन्नाले गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना हरुलाई सम्झनु पदर्छ ।

भिम बहादुर थापा
गा. पा. अध्यक्ष

(च) "प्राविधिक"भन्नाले गाउँपालिकामा कार्यरत इन्जिनीयर, सब-इन्जिनियर, प्राविधिक सहायक, असिस्टेन्ट सब- इन्जिनीयर, खानेपानी टेक्निसियन र कालिगण्डकी गाउँपालिकामा कार्यरत अन्य प्राविधिक कर्मचारीलाइ समेत जनाउने छ ।

(छ) "वर्क चार्ज स्टाफ खर्च "भन्नाले सार्वजनिक निर्माण कार्यको संचालन तथा व्यवस्थापनको लागि नियमित रुपले फिल्डमा खटिने प्राबिधिक कर्मचारीको पारिश्रमिक, फिल्ड भत्ता तथा इन्धन, सर्भे र हेरालु पारिश्रमिक खर्चलाइ सम्झनु पर्छ ।

(ज) " अन्य खर्च "भन्नाले सार्वजनिक निर्माण कार्य संग सम्बन्धित सूचना प्रकाशन , प्राबिधिक औजार उपकरण, मर्मत, कर्मचारी सामाग्री र कार्यालय संचालन सामाग्री समेतलाइ सम्झनु पर्दछ ।

(झ) "कर्मचारी "भन्नाले कालिगण्डकी गाउँकार्यपालिका कार्यालय र मातहत वार्ड कार्यालयमा कार्यरत स्थायी वा करार वा ज्यालदारी कर्मचारीलाइ सम्झनु पर्दछ ।

३. <u>उद्बेश्यः</u> (१) कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्बेश्य निम्नानुसार छनः

(क) कन्टिन्जेन्सी वापतको रकम दफा ४ बमोजिमका क्षेत्रहरुमा पारदर्शी र मितव्ययी रुपले खर्च गर्ने,

(ख) कन्टिन्जेन्सीको आय व्ययको अभिलेख पारदर्शी तथा यथार्थपरक राख्ने,

४. <u>कन्टिन्जेन्सी रकमको व्यवस्थाः</u> (१) गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिएको वमोजिम कन्टिन्जेन्सी बापतको कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी दफा ५ मा उल्लेख भए बमोजिमको शिर्षकहरुमा खर्च गर्न सकिनेछ ।

(२) गाउँपालिकाले कार्यान्वयन गर्ने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी कट्टा गरिने छ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

(च) "प्राविधिक"भन्नाले गाउँपालिकामा कार्यरत इन्जिनीयर, सब-इन्जिनियर, प्राविधिक सहायक, असिस्टेन्ट सब- इन्जिनीयर, खानेपानी टेक्निसियन र कालिगण्डकी गाउँपालिकामा कार्यरत अन्य प्राविधिक कर्मचारीलाइ समेत जनाउने छ ।

(छ) "वर्क चार्ज स्टाफ खर्च "भन्नाले सार्वजनिक निर्माण कार्यको संचालन तथा व्यवस्थापनको लागि नियमित रुपले फिल्डमा खटिने प्राबिधिक कर्मचारीको पारिश्रमिक, फिल्ड भत्ता तथा इन्धन, सर्भे र हेरालु पारिश्रमिक खर्चलाइ सम्झनु पर्छ ।

(ज) " अन्य खर्च "भन्नाले सार्वजनिक निर्माण कार्य संग सम्बन्धित सूचना प्रकाशन , प्राबिधिक औजार उपकरण, मर्मत, कर्मचारी सामाग्री र कार्यालय संचालन सामाग्री समेतलाइ सम्झनु पर्दछ ।

(झ) "कर्मचारी "भन्नाले कालिगण्डकी गाउँकार्यपालिका कार्यालय र मातहत वार्ड कार्यालयमा कार्यरत स्थायी वा करार वा ज्यालदारी कर्मचारीलाइ सम्झनु पर्दछ ।

३. <u>उद्धेश्यः</u> (१) कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्धेश्य निम्नानुसार छनः

(क) कन्टिन्जेन्सी वापतको रकम दफा ४ बमोजिमका क्षेत्रहरुमा पारदर्शी र मितव्ययी रुपले खर्च गर्ने,

(ख) कन्टिन्जेन्सीको आय व्ययको अभिलेख पारदर्शी तथा यथार्थपरक राख्ने,

४. <u>कन्टिन्जेन्सी रकमको व्यवस्थाः</u> (१) गाउँपालिकाको बार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिएको वमोजिम कन्टिन्जेन्सी बापतको कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी दफा ५ मा उल्लेख भए बमोजिमको शिर्षकहरुमा खर्च गर्न सकिनेछ ।

(२) गाउँपालिकाले कार्यान्वयन गर्ने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी कट्टा गरिने छ।

भिम बहादुर थापा
गा. पा. अध्यक्ष

(क) कार्यालयले गर्ने सार्वजनिक निर्माण कार्यका लागि विनियोजित रकमको तिन प्रतिशतले हुन आउने रकम कन्टिन्जेन्सी कट्टा गरिनेछ ।

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सर्शत अनुदान र बिशेष अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टा गरिने छ ।

५. कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरुः योजना तथा कार्यक्रमहरुको कन्टिनजेन्सी रकम देहायको शिर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

(क) योजना अनुगमन तथा सुपरिवेक्षण मूल्यांकन जांचपास तथा प्रतिवेदन सम्बन्धी खर्च एवं योजनासंग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक समाग्री र अन्य सामाग्री खरिद गर्न।

(ग) योजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापन र दैनिक भ्रमण गर्दा लाग्ने खर्च ।

(घ) गाउँपालिकाले तत्काल कार्यान्वयन गर्न आवश्यक आवश्यक ठानेका योजना तथा कार्यक्रमहरु ।

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र ।

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/ उपभोक्ता समिति गठन अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(छ) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण,अन्तिम बिल भुक्तानि प्रकृया र फिल्डमा कार्य गरे वापत प्राबिधिक कर्मचारीहरुलाइ मासिक खाइपाइ आएको तलबको तिस प्रतिशत अतिरिक्त सेवा सुविधा उपलव्ध गराइने छ तर भुक्तानीको नियमानुसार कर कट्टी गरिनेछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष